# मिति २०८२/०८/१० गतेको कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

यस नगरपालिकाको प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम दुधराक्ष स्वास्थ्य चौकी अधुरो भवन निर्माण सैनामैना न.पा. ६ को लागि रु.१००००००।- विनियोजन भएको । सो योजनाको लागत अनुमान तयार गर्दा रु. १६७६४३२.१४ लाग्ने देखिएको । विनियोजन भएको रकमबाट मात्र कार्य अगाडि वढाउँदा सो योजना अधुरो भई कार्यान्वयनमा ल्याउन नसकिने अवस्था सिर्जना हुने देखिएको र लागत अनुमान बमोजिमको रकम सुनिश्चित भएमा सो भवनको निर्माण कार्य सम्पन्न भई पूर्ण रुपमा सञ्चालनमा ल्याउन सकिने देखिएकोले कुल लागत अनुमान बमोजिम नै योजना कार्यान्वयनका लगि स्वीकृती दिने । त्यसका लागि अपुग हुने रकम समपुरक कोष वा आर्थिक वर्षको अन्त्यमा बचत हुने कनै शिर्षकबाट स्रोत सुनिश्चित गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

## निर्णय नं. २

चालु आ.ब. मा नगरस्तरीय पक्की सडक तथा नाली निर्माणको लागि संघीय सरकारबाटबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) बाट रु. ७३ लाख र समपुरक कोषबाट रु. १ करोड ७० लाख गरी कुल रकम रु. २ करोड ४३ लाख विनियोजन भएको । सो योजनाका लागि लागत अनुमान तयार गर्दा रु. २,८९,७६,८१४.५१ लाग्ने देखिएको । विनियोजन भएको रकमबाट मात्र कार्य अगाडि वढाउदा सो योजना अधुरो भइ कार्यान्वयनमा आउन नसकिने अवस्था सिर्जना हुने देखिएकोले कुल लागत अनुमान बमोजिम नै योजना कार्यान्वयनका लगि स्वीकृती दिने । त्यसका लागि अपुग हुने रकम समपुरक कोष वा आर्थिक वर्षको अन्त्यमा बचत हुने कनै शिर्षकबाट स्रोत सुनिश्चित गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

## निर्णय नं. ३

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम सैनामैना नगरपालिका वडा नं. ७ मा अवस्थित बुद्धिसागर पाण्डे, इश्वरे वि.क., तेज वहादुर सुनार, वुद्धिमाया वि क र वुद्धि वहादुर पोखेलको जग्गाबाट कुल परिमाण १०२१३.०४ घन मिटर माटो र सैनामैना वडा नं. ९ मा अवस्थित ठाकुर प्रसाद गौतमको जग्गाबाट ७८०६.४ घन माटो वुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक योजनाको लागि सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोके बमोजिमको रोयल्टी (प्राकृतिक स्रोतको सङ्कलन तथा बिक्रि शुल्क) लिई ढुङ्गा, गिटी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ बमोजिमको प्रकृया पूरा गरी उपलब्ध गराउने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा

## मिति २०८२/०८/१० गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. ४**

सैनामैना नगरपालिका वडा नं. १ को वडा सचिव पदमा कार्यरत सहायक प्रशासकीय अधिकृत श्री कमल प्रसाद पोखेलले निजको श्रीमती सिता कुमारी शर्मा मरासिनी मिति २०८२/०६/२४ गते सवारी दुर्घटनामा परी गम्भिर घाईते (सिभियर हेड ईन्जुरी) भई बुटवलको एडमण्ड सिटि हस्पिटलमा उपचार गराईरहेको र न्यूरो पद्धति निकै लामो समय लाग्ने र पुन मिति २०८२/०८/१८ मा टाउकोको दोस्रो अपरेसन गरी बोन राख्नु पर्ने, सिभियर हेड इन्जुरीको उपचार खर्चिलो र लामो समय लाग्ने भएकोले निजको उपचारमा सहयोग गर्नका लागि आर्थिक सहायता शिर्षकबाट रु.५००००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

सैनामैना नगरपालिकाको क्षेत्रभित्र शान्ति सुरक्षा, विपद् व्यवस्थापन, प्राकृतिक साधन स्रोतको संरक्षण र अपराध नियन्त्रण जस्ता कार्यहरु प्रहरीको नियमित निगरानीबाट नियन्त्रण गर्न चुनौती देखिएकोले सो कार्यलाई थप प्रभावकारी बनाइ रोकथाम गर्न मोवाईल भ्यान, दैनिक गस्ति तथा पेट्रोलिङ्ग जस्ता सुरक्षा प्रयोजन मार्फत सुरक्षा प्रबन्ध बढाउन सैनामैना नगर भित्रका ईलाका प्रहरी कार्यालय रन्यौरा र सालझण्डीको लागि वार्षिक रु. ५०/५० हजारको ईन्धन उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

सैनामैना नगरपालिका वडा नं. ८, १० र ११ मा जेन्जी आन्दोलनको क्रममा तोडफोड भएका तथा अन्य अत्यावश्यक कार्यहरुको मर्मत गर्नु पर्ने भएको, वडा नं. ७ मा रहेको आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रंगरोगन गरी संचालनमा ल्याउने कार्यका लागि तत् तत् स्थानहरुमा लागत अनुमान बमोजिमको रकम मर्मत सम्भार कोषबाट वेहोर्ने गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

सैनामैना नगरपालिकाका तपशीलका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. सैनामैना नगरपालिका मर्मत सम्भार कोष सम्वन्धी कार्यविधि, २०८२ ।
२. सैनामैना नगरपालिका लागत सहभागितामा पूर्वाधारजन्य कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८२

**निर्णय नं. ८**

सैनामैना नगरपालिका वडा नं. १ वनकट्टा क्षेत्रमा सुरक्षा चुनौती बढ्दै गएकोले सुरक्षाको थप प्रबन्ध मिलाउन प्रहरी बिट सञ्चालन गर्नुपर्ने देखिएकोले सोका लागि रुपन्देही जिल्ला सुरक्षा समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

<u>मिति २०८२/०८/१० गतेको कार्यपालिकाको बैठकका निर्णयहरु</u>

**निर्णयनं. ९**

सैनामैना नगरपालिकाको आ.व. २०८२/८३ को प्रथम चौमासिकको खर्च माथि छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

चालु आ.ब. को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम सैनामैना नगर अस्पताल सञ्चालन खर्चका लागि रु १ करोड विनियोजन (ख.शी.नं. २२५२२) गरिएकोमा सो रकम देहायका कार्यहरुका लागि खर्च गर्ने निर्णय गरियो ।

| क्र.स. | शिर्षक | संख्या | मासिक खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत आठौतह | १ | ४८७३७ | ४८७३७० |
| २ | रेडियोग्राफर पाँचौतह | १ | ३४७३० | ३४७३०० |
| ३ | फार्मेसी सहायक पाँचौतह | १ | ३४७३० | ३४७३०० |
| ४ | ल्याब टेक्निसियनपाँचौ तह | १ | ३४७३० | ३४७३०० |
| ५ | फार्मेसीकोलागि आवश्यक औषधि तथा सर्जिकल सामाग्री र प्रयोगशालाको केमिकल व्यवस्थापन | १ | ४३००००० | ४३००००० |
| ६ | पानि बिजुली खर्च | १ | ५००००० | ५००००० |
| ७ | ए.सी.खरिद तथा मर्मत | ५ | ५००००० | ५००००० |
| ८ | अस्पतालमा भएका उपकरणहरुको मर्मत, जडान, सर्भिसिंग रइन्धन | १ | ४००००० | ४००००० |
| ९ | ल्यापटप, कम्प्युटर, सी.सी. टि भी मनिटर खरिद | ५ | ३००००० | ३००००० |
| १० | इन्भर्टर खरिद | १ | २००००० | २००००० |
| ११ | फर्निचर खरिद | १ | ७००००० | ७००००० |
| १२ | अस्पताल व्यवस्थापन समिति वैठक खर्च | - | १००००० | १००००० |
| १३ | मसलन्द खर्च | १ | १००००० | १००००० |
| १४ | छपाइ खर्च | १ | १००००० | १००००० |
| १५ | एक्सरे मर्मत तथा अन्य स्वास्थ्य उपकरण खरिद | १ | ३००००० | ३००००० |
| १६ | वासिंगमेसिन खरिद | १ | २००००० | २००००० |
| १७ | सफ्टवेरखरिद | १ | २००००० | २००००० |
| १८ | अस्पताल कम्पाउण्ड वाल रंगरोगन तथा स्वास्थ्य सन्देशको भितेलेखन | १ | १००००० | १००००० |

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/०८/१० गतेको कार्यपालिका वैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| १९ | अटोक्लेभ राखे स्थानको पार्टेसन तथा सेफ्टी ट्याङ्की, नाली मर्मत | १ | २०५००० | २०५००० |
| २० | अस्पताल संचालन तथा विविध खर्च | १ | २६५७३० | २६५७३० |
| जम्मा | | | | १००००००० |

### निर्णय नं. ११

हालै राष्ट्रियपत्र तथा पञ्जीकरण (दोश्रो संशोधन) नियमावली, २०८२ मा भएको संशोधनका बारेमा जानकारी भयो । पञ्जीकरण लगायतका दैनिक रुपमा हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन कर्मचारी प्रशासनलाई निर्देशन दिइयो ।

### निर्णय नं. १२

चालु आ.ब. मा महिलासँग उपप्रमुख कार्यक्रम संचालन गर्नका लागि महिलासँग उपप्रमुख कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन समिति कार्यविधि, २०७७ बमोजिमको समितिले स्वीकृत बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयनका लागि गरेको निर्णयलाई समर्थन गर्ने निर्णय गरियो ।

### निर्णय नं. १३

सैनामैना नगरपालिका वडा न. ४ स्थित ईलाका प्रहरी कार्यालय रन्यौराको संरक्षणमा रहेको सार्वजनिक बेदर्ता करिब ४३४८.४३ वर्ग मिटर जग्गामा इलाका प्रहरी कार्यालयको कार्यालय भवन निर्माणका लागि लिजमा उपलब्ध गराउन सो कार्यालयबाट सिफारिस गरिदन लेखि आएकोमा सो जग्गा वाहेक अन्य उपयुक्त जग्गा नरहेको, सोही जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक देखिएको, जग्गा दैविक प्रकोप व्यवस्थापनको लागि आवश्यक नपर्ने, सो जग्गा प्रदान गर्दा ऐतिहासिक, पुरातात्विक, धार्मिक, सास्कृतिक महत्वका स्थलहरुको मौलिकतामा समेत असर नपर्ने हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ बमोजिम उल्लेखित जग्गा ईलाका प्रहरी कार्यालयको लागि लिजमा उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. १४

यस नगपालिकामा वरिष्ठ जनस्वास्थ्य अधिकृत आठौं तह (क.सं.नं. १३८०१८) का वसन्त कुमार श्रेष्ठले नेपाल बार काउन्सीलबाट लिइएको परिक्षामा उत्तीर्ण भएकोले कानून परिषद्बाट जारी भएको कानून व्यवसायी प्रमाणपत्र प्रास गर्न अनुमति माग गर्नु भएकोले कार्यालयको काममा बाधा नपुग्ने गरी कार्यालय समय भन्दा बाहिरको समयमा प्रचलित कानून बमोजिम कानून व्यवसाय गर्न लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १०१ बमोजिम अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख